शिवनाथ गाउँपालिका

सुल्लेखान, बैतडी

सुदूरपश्चिम प्रदेश, नेपाल

# स्थानीय राजपत्र

## शिवनाथ गाँउपालिकाद्धारा प्रकाशित

खण्डः ७ अंकः ०५ मिति २०७९/११/१९ गते शुक्रबार

भाग -२

## शिवनाथ गाउँपालिकाको कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

शिवनाथ गाउँकार्यपालिकाको मिति २०७९/११/१९ गतेको कार्यपालिका बैठकबाट स्वीकृत भएको " **शिवनाथ गाउँपालिकाको कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७९**" स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम सार्वजनिक जानकारी लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।

२०७९

**गाउँकार्यपालिका स्वीकृत मिति २०७९/११/१९**

## शिवनाथ गाउँपालिकाको कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

कृषिजन्य पदार्थको उत्पादन र उत्पादकत्व बृद्धि गर्न एवम स्वीकृत कार्यक्रम सञ्चालनमा एकरुपता, परिणाममूखी र गुणस्तरिय बनाई कृषि प्रसारको व्यवस्थापन, सञ्चालन, नियन्त्रण र नियमनका लागि कानूनी व्यवस्था गर्न आवश्यक देखिएकोले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) (द) लाई व्यवस्थित गर्न दफा ११ को उपदफा ७ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाई जारी गरिएको छ ।

### परिच्छेद - १

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यस कार्यविधिको नाम शिवनाथ गाउँपालिकाको कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि २०७९ रहेकोछ ।

ख) यो कार्यविधि गाउँ कार्यपालिका बाट पारित भई स्थानिय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

ग) यो कार्यविधि शिवनाथ गाउँपालिका क्षेत्र भित्र लागु हुनेछ ।

### परिच्छेद -२

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा:

क) **गाउँपालिका** भन्नाले नेपालको संविधान बमोजिम गठन भएको शिवनाथ गाउँपालिका सम्झनु पर्दछ ।

ख) **कार्यपालिका** भन्नाले शिवनाथ गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग) **प्रमुख** भन्नाले शिवनाथ गाउँपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

घ) **प्रमुख प्रशासकिय अधिकृत** भन्नाले शिवनाथ गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ ।

ङ) **उत्पादक** भन्नाले शिवनाथ गाउँपालिका भित्र कृषि जन्य वस्तु उत्पादन गर्ने कृषक वा कम्पनी वा कृषिफार्म वा सहकारी उत्पादक सम्झनु पर्दछ ।

च) **कृषक** भन्नाले शिवनाथ गाउँपालिका भित्र कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा व्यवसायिक कृषि खेती गर्ने कृषक, कृषक समुह, कृषि व्यवसायी, कृषिफार्म र कृषि सहकारी समेतलाई सम्झनु पर्दछ ।

छ) **कृषि** भन्नाले सम्वन्धित कृषिलाई सम्झनु पर्दछ र सो शब्दले व्यावसायिक कृषिलाई समेत जनाउछ ।

ज) **कृषि फार्म** भन्नाले व्यावसायिक प्रयोजन बमोजिमका बाली उत्पादनका लागि सञ्चालन गरिएको कृषि फार्म सम्झनु पर्छ ।

झ) **कृषिबजार** भन्नाले कृषिउपजको ग्रेडिङ, प्याकेजिङ, ढुवानि, भण्डारण, वितरण तथा कृषिउपजको बिक्रिवितरण गर्ने कृषिबजार सम्झनु पर्छ ।

ञ) **कृषि वस्तु** भन्नाले कृषकले कुनै बोट विरुवा वा जीवजन्तुबाट उत्पादन गरेको उपभोग्य कृषि वस्तु सम्झनु पर्छ ।

ट) **कृषि व्यवसाय** भन्नाले देहायको व्यवसाय सम्झनु पर्छ ।

१. व्यावसायिक उद्देश्यले गरिने कृषि बाली वा बस्तुको उत्पादन ।

२. कृषिजन्य वस्तुको प्रशोधन,

३. कृषिउपजको व्यापार,

४. कृषि उत्पादनका लागि प्रयोग हुने रासायनिक वा प्राङ्गारिक मलको उत्पादन, भण्डारण तथा वितरण,

५. कृषि उत्पादनका लागि प्रयोग हुने विउ, वेर्ना, यान्त्रीकरण उत्पादन, परामर्श सेवा, भण्डारण तथा वितरण,

६. कृषिमा प्रयोग हुने औषधि एवम् विषादिको उत्पादन, परामर्श, भण्डारण तथा बिक्रीबितरण व्यवसाय ।

ठ) **वडा** भन्नाले शिवनाथ गाउपालिकाको वडा सम्झनु पर्दछ ।

ड) **सभा** भन्नाले शिवनाथ नगरसभालाई सम्झनु पर्दछ ।

ढ) **शाखा** भन्नाले शिवनाथ गाउपालिकाको कृषि शाखा सम्झनु पर्दछ ।

ण) **मुल्याङ्कन समिति** भन्नाले कृषिविकास कार्यक्रम मुल्याङ्कन समिति सम्झनु पर्दछ ।

त) **कार्यविधि** भन्नाले शिवनाथ गाउँपालिकाको कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि २०७९ सम्झनु पर्दछ ।

थ) **कार्यक्रम** भन्नाले कृषिकार्यक्रम सम्झनु पर्दछ ।

द) **समुह** भन्नाले कृषक समुह सम्झनु पर्दछ ।

ध) **फार्म** भन्नाले कृषिफार्म सम्झनु पर्दछ ।

न) **सहकारी** भन्नाले कृषी सहकारी सम्झनु पर्दछ ।

## परिच्छेद -३

### ३.उद्देश्य

क) कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गरी खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने ।

ख) प्रविधि हस्तान्तरण मार्फत कृषि व्यवसायलाई व्यवसायिकरण गरी आत्मनिर्भर, आधुनिक र प्रतिस्पर्धी बनाउने ।

ग) कृषिउपजको सरल र सुलभ बजार पहुच वृद्धि गर्दै आयात प्रतिस्थापन गरी निर्यात प्रवर्द्धन गर्दै कृषकहरुको आयस्तरमा सुधार गर्ने ।

घ) कार्यक्रमहरु व्यवस्थीत पारदर्शी र प्रभावकारी रुपमा सञ्चालन गर्ने ।
ङ) शाखाको कार्यक्रम संचालनमा सहयोग पुऱ्याउने ।
च) गाउँपालिकाबाट बिनियोजित रकमलाई पारदर्शी बनाई संचालन गर्न सहयोग पुऱ्याउने ।
छ) संघीय सरकार र प्रदेश सरकारको प्रतिबद्धता अनुसाको कार्यक्रमलाई पुरा गर्न सहयोग पुऱ्याउने ।
ज) गाउँपालिकालाई कृषिजन्य उत्पादन तथा बीउबिजनमा आत्मनिर्भर बनाउने ।
झ) गाउँपालिकाभित्र कृषिजन्य पदार्थको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्न सहयोग पुऱ्याउने ।

## परिच्छेद -४

**४. कार्यक्रम व्यपस्थापन समिति:**

शिवनाथ गाउँपालिकाको कृषि / पशुपन्छी अनुगमन, मुल्याङ्कन, कार्यान्वयन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको नगर स्तरीय कृषि / पशुपन्छी समिति गठन हूनेछ ।

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्ष | संयोजक |
| ख) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ग) योजना अधिकृत | सदस्य |
| घ) आर्थिक प्रशासन प्रमुख | सदस्य |
| ङ) कृषि/पशुपन्छी शाखा प्रमुख | सदस्य सचिव |

समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ वा कर्मचारी तथा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ । शिवनाथ गाउँपालिकाको कृषि/पशुपन्छी शाखाको कार्यक्रम छनौट, अनुगमन, मुल्याङ्कन, कार्यान्वयन तथा व्यवस्थापन गर्दा शिवनाथ गाउँपालिकालाई आर्थिक भार नपर्ने गरी कायक्रम अनुसार भत्ता उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद -५

**५. कार्यक्रम सञ्चालन प्रक्रिया**

क) प्रस्ताव माग: गाउँपालिकाको गाउँसभाबाट पारित बजेट तथा कार्यक्रम अनुसार सुचना प्रकाशन गरी कृषक/कृषि फार्म/ समुह/सहकारीसंग प्रस्ताव माग गर्नेछ ।
ख) प्रस्ताव पेश: सुचनामा तोकिए बमोजिमको कागजात सहित इच्छुक प्रस्ताव पेश गर्नु पर्नेछ ।
ग) छनौट तथा सिफारिस: शिवनाथ गाउँपालिकाको कृषि शाखाले प्रस्ताव माग गरिएको कागजातहरुको रुजु गरी फिल्ड अवलोकन पश्चात समिति समक्ष सिफारिस गर्नेछ ।
घ) छनौट भएका प्रस्तावहरुले गाउँपालिका संग समन्वय गरी कार्यक्रम सम्पन्न गर्नेछ ।

**६. कार्यक्रम संचालन स्थल छनौटका आधार :**

आवश्यकता, माग प्रकृति तथा सम्भाव्यता हेरी सूचना प्रकाशन गरि छनौट भएका प्रस्तावमा कृषि समितिको फिल्ड अवलोकन तथा बैठक पश्चात शिवनाथ गाउँपालिका भित्र स्वीकृत प्रस्तावमा कार्यक्रम स्थल छनौट गर्नेछ ।

**७. कृषक लक्षित व्यवसायिक कृषि सञ्चालन बिधि :**

क) कृषक लक्षित कार्यक्रम अन्तर्गत विशेष कृषि उत्पादन तरकारी, फलफुल, मौरी आदि कार्यक्रम सञ्चालनार्थ प्रतिस्पर्धी रुपमा अनुदान प्रवाह गर्न यस गाउँपालिकाले निम्न कृषक लक्षित कार्यक्रम सञ्चालन गर्नेछ ।

१. मौसमी तथा बेमौसमी तरकारी बिकास कार्यक्रम ।
२ फलफुल बिकास कार्यक्रम ।
३. मौरी बिकास कार्यक्रम ।
४. पुष्प बिकास कार्यक्रम ।
५. च्याउ बिकास कार्यक्रम ।
६. मसला बाली बिकास कार्यक्रम ।
७. नगदे बाली बिकास कार्यक्रम ।
८. कृषक पूरस्कार कार्यक्रम ।
९. कृषक भ्रमण कार्यक्रम ।
१०. खद्यान्न बाली बिकास कार्यक्रम ।
११. कृषि बिमा कार्यक्रम ।
१२. बाली संरक्षण कार्यक्रम ।
१३. दिगो माटो व्यवस्थापन कार्यक्रम ।
१४. बिभिन्न प्रदर्शन (जातिय, नतिजा, उत्पादन) ।
१५. बिभिन्न कृषिजन्य बालीको स्रोतकेन्द्र स्थापना ।
१६. रैथाने बाली संरक्षण कार्यक्रम ।
१७. कृषिजन्य बालीको बजारीकरण कार्यक्रम ।
१८. कृषिमा आधुनिकरण, बजारीकरण, तथा व्यवसायिकरण कार्यक्रम ।
१९. करेसाबारी बिकास कार्यक्रम ।
२०. प्रि तथा पोष्ट हार्भेष्ट कार्यक्रम ।
२१. बाली प्रशोधन कार्यक्रम ।
२२. कृषक पाठशाला कार्यक्रम ।
२३. कृषिजन्य बालीको पकेट क्षेत्र कार्यक्रम ।

२४. एक वडा एक बाली उत्पादन कार्यक्रम ।

२५ सञ्चालन गर्ने कार्यक्रमहरु

- कृषि तथा पशुपालन प्रोत्साहन अनुदान कार्यक्रम ।
- कृषि तथा पशुपालन क्षेत्र विस्तार प्रोत्साहन अनुदान ।
- हाई ब्रिड बिउ उत्पादन कार्यक्रम ।
- युवा लक्षीत कृषि उत्पादन कार्यक्रम ।
- बिउबिजन अनुदान ।
- गोठ र मल सुधारमा अनुदान ।

## परिच्छेद -६

**८. कार्यक्रम संचालनका बिधिहरु :**

१. कार्यक्रम संचालन गर्न चाहने कृषक कृषि पेशामा संम्लग्न हुनूपर्दछ ।

२ कार्यक्रम संचालन गर्न नेपालीनागरिक हुनूपर्दछ ।

३ कार्यक्रम संचालन गर्न २० देखी ५० प्रतिशत कृषक स्वयमले लगानी गर्नू पर्नेछ ।

४. कार्यक्रम संचालन गर्न चाहने कृषकले तपसिल बमोजिम कागजात पत्र लिई यस गाउँपालिकामा प्रस्ताव पेश गर्नूपर्नेछ ।

**तपशिल**

क) निवेदन

ख) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।

ग) जग्गाधनी पूर्जा वा ठेक्का भए कम्तीमा २ बर्ष सम्म ठेक्का लिएको आधिकारिक करार पत्र ।

घ) घटीमा २ बर्षसम्म प्रस्तावित व्यवसाय सञ्चालन गर्ने प्रतिबद्धता पत्र ।

ङ) तालिम तथा शैक्षिक योगयताको प्रमाणित प्रतिलिपी ।

च) अनुसूचि १ बमोजिमको कार्ययोजना ( प्रस्ताव)

छ) विदेशबाट फर्केको भए पासपोर्टको फोटोकपी ।

ज) सम्बन्धित वडा कार्यालयको सिफारिस ।

उपरोक्त कागजातहरु प्राप्त भइसकेपछि मूल्याकन समेतिले मूल्याकन गरि छनौट गर्नेछ ।

**९. बिउ, कृषि औजार अनुदान कार्यक्रम सँचालन विधि:**

**उदेश्य :** मल, बिउ, कृषि औजार अनुदान कार्यक्रम संचालन विभिन्न देहाय बमोजिम हुनेछ ।

क) खाद्यान्न बालि,तरकारी बालि तथा फलफुल उत्पादन आदिमा यान्त्रिकरण गर्न सहयोग पू्याउने ।

ख) कृषिमा यान्त्रिकरण गरी प्रतिइकाइ उत्पादन बृद्धि तथा उत्पादन लागत घटाउने ।

ग) यूवा जनशक्तिलाइ कृषिमा आर्कषित गर्ने गराउने ।

घ) कृषिलाइ आधुनिकिरण,ब्यावसायिकरण एवम् प्रतिस्पर्धात्मक बनाइ स्वरोजगारको अवसर श्रृजना गर्ने ।

ङ) समयको सदूपयोग एवम् कृषिकार्य संचालन सहज बनाउन सहयोग गर्ने ।

**१०. तरकारी तथा फलफुल पकेट क्षेत्र निर्धारण विधि :**

१. **उद्देश्य** : यस कार्यविधिका उद्देश्यहरु देहाय अनुसार रहेका छन् ।

क) कृषकहरुको प्रत्यक्ष संलग्नता गराई तरकारी तथा फलफुल पकेट स्थापना गर्ने ।

ख) तरकारी तथा फलफुल पकेट मार्फत कृषि उत्पादनलाई ब्यावसायीकरण गर्ने ।

ग) सामूहिक खेतिमार्फत ब्यावसायिक उत्पादन ,खरिद बिक्री,भण्डारण र बजारीकरणको प्रवर्दन गर्ने ।

घ) साना कृषकहरुको आय बृद्धिको साथै रोजगारी बुद्धि गर्ने ।

ङ) यो पकेट क्षेत्र शिवनाथ गाउँपालिकाको बिभिन्न वडा मा बिभिन्न कृषि बालीमा संचालन गरिने छ।

च) यो पकेट क्षेत्र समुह, सहकारी, फार्म, अथवा १५ देखि २५ जना कृषकहरु आवद्ध कृषकहरु द्वारा नयां समुह गठन पश्चात शाखामा दर्ता गराई कार्यक्रम संचालन गर्न सकिनेछ ।

छ) यो पकेट क्षेत्र संचालन गर्दा कम्तीमा ६ रोपनी जग्गामा तोकिएको बाली लगाउनु पर्नेछ ।

ज) यसमा बिउ, मल, बिषादि, तालिम, भ्रमण, कृषिजन्य औजारहरु तथा अन्य कृषि सामाग्री अवश्यकता अनुसार उपलब्ध गराइनेछ ।

झ) यसमा ५० प्रतिशत सम्म पकेट संचालन गर्ने समुह, सहकारी, फार्म अथवा कृषकले लगानी गर्नु पर्नेछ ।

ञ) यो कार्यक्रम लाई निरन्तरता दिनु पर्नेछ ।

ट) गरिव, दलित, जनजाति, महिला, द्वन्दपिडित वर्ग र क्षेत्रबाट प्रतिनिधित्व हुने ब्यक्ति समुह/सहकारी लाई प्राथमिकता दिईनेछ ।

## परिच्छेद -७

**११. अनुदान दिने बिधि :**

**१. उद्देश्य:**

क) प्रति इकाई उत्पादन बृद्धि तथा उत्पादनमा लागत घटाउन ।

ख) यूवा जनशक्तिलाई कृषि पेशामा आकर्षित गर्ने ।

ग) कृषिलाई आधुनिकरण, व्यवसायिकरण एवम् प्रतिस्पर्धात्मक बनाई स्वरोजगारको श्रृजना गर्ने ।

**२. अनुदान कार्यक्रम संचालन बिधि:**

क) यो कार्यक्रम शिवनाथ गाउँपालिकाका सम्पुर्ण वडा मा संचालन गरिने छ ।

ख) गाउँपालिकाले १५ दिनको म्याद राखि प्रस्ताव आह्वान गर्नेछ ।

ग) प्राप्त भएका आबेदन लाई मूल्याङ्कन समितिले छनौट गर्नेछ ।

घ) छनौट भएका व्यक्तिहरुले औजार उपकरणहरु आफ्नो लगानिमा किनेर ५० प्रतिशत भूक्तानिको लागि गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

ङ) छनौट भएका कृषकहरुलाई वीउविजन, मसाला बालीमा ८० प्रतिशत र पोलिहाउसमा ९० प्रतिशत अनुदान दिईनेछ ।

## ३. अनुदानमा वितरण गरिने कृषि औजारहरु

मिनीटिलर, पावरटिलर, कर्नसेलर, डिजिटल तौल लिने मेसिन, त्रिपाल, टनेल, ह्यान्ड तथा फुट स्प्रेयर, उन्नत बिउबिजन, मौरीको घार चाका, मौरी घार, बिरुवा, च्याउ र रेशमखेति आदि । आवश्यकता अनुसार केहि कृषि औजार उपकरणहरु थप गर्न सकिनेछ ।

## ४. सम्लग्न राख्न पर्ने कागजातहरु

क) कृषक तथा कृषक समुहको आवेदन ।

ख) कृषक समूहको हकमा समुहदर्ताको प्रमाण पत्र प्रतिलिपी ।

ग) समुहको हकमा समुहको निर्णय प्रतिलिपी ।

घ) मुल कृषक समितिबाट छनौट ।

ङ) मेशिनरी औजारमा ५० प्रतिशत अनुदानमा वितरण गरिने ।

## परिच्छेद -८

## १२. संचालन हुने मुख्य क्रियाकलाप

कृषिपकेट क्षेत्र निर्धारण कार्यक्रम संचालनको लागि छनौट भएका कृषक/समुह/सहकारी/फार्महरुमा कार्यक्रम संचालन हुने बिधि देहाय अनुसार रहनेछ ।

| कायक्रमको नाम | बिवरण | मूख्य क्रियाकलाप | लाभग्राही |
|---|---|---|---|
| क) बेमौसमी तरकारी उत्पादन कार्यक्रम | मौसमी तथा बेमौसमी तरकारी बाली | प्लाष्टिक टनेल वितरण | मुल कृषक समिति, कृषक समुह, कृषि फार्म र कृषक |
| | | क्षमता अभिबृद्धि तालिम | |
| | | स्प्रेयर टयांकी बितरण | |
| | | मल, उन्नतबीउ, बेर्ना, शुक्ष्मतत्व, बिषादी बितरण | |
| | | थोपा सिंचाई तथा पोली ट्यांकी बितरण | |
| ख) आलु पकेट क्षेत्र बिकास कार्यक्रम | जनकदेव, टि.पि.एस, प्रि.बि.एस , स्थानिय जातका आलु | आलु बिउ खरिद | मुलकृषक समिति,कृषक समुह, कृषि फार्म र कृषक |
| | | बिउ ढूवानी | |
| | | रोग किरा व्यवस्थापन सहयोग तथा क्षमता अभिबृद्धि कार्यक्रम संचालन | |

| | | | |
|---|---|---|---|
| | | रष्टिक स्टोर व्यवस्थापन सहयोग | |
| ग) तरकारी पकेट क्षेत्र बिकास कार्यक्रम | मैसमी तथा बेमौसमी तरकारी र सम्भाव्यता देखिएका नया जातका तरकारीहरु | उन्नत तकारीको बीउ बेर्ना खरिद तथा उत्पादनमा सहयोग | मुल कृषक समिति, कृषक समुह, कृषि फार्म र कृषक |
| | | मल तथा शुक्ष्मतत्व र रोग किरा व्यवस्थापनमा सहयोग | |
| | | प्लाष्टिक टनेल, थोपा सिंचाई सेट खरिद निर्माणमा सहयोग | |
| | | स्प्रेयर ट्यांकी,सिकेचर, क्यारेट तथा अन्य सामाग्री खरिदमा सहयोग | |
| घ) सामुहिक तरकारी खेती बिकास कार्यक्रम | मैसमी तथा बेमौसमी तरकारी र सम्भाव्यता देखिएका नया जातका तरकारीहरु | प्रति समुहमा कम्तीमा २ वटा प्लाष्टिक टनेल र ६ रोपनी मा मैसमी तथा बेमौसमी तरकारी खेती गरेका कृषक समुह,सहकारी हरुलाई प्लाष्टिक पोखरी, मल, बिउ, टनेल, स्प्रेयर, अन्य कृषि सामाग्री खरीदमा सहयोग | मुल कृषक समिति, कृषक समुह, कृषि फार्म र कृषक |
| ङ) फलफुल बिकास तथा उत्पादन कार्यक्रम | यस ठाउँमा उत्पादन गर्न सकिने तथा सम्भाब्य देखिएका फलफुलहरु | फलफुल उत्पादनका क्रियाकलापमा साथै बीउ,बेर्ना,मलखरिद, शूक्ष्मतत्व तथा रोगकिरा व्यवस्थापनमा सहयोग तथा अन्यआवश्यक कार्यक्रममा सहयोग र | मुल कृषक समिति, कृषक समुह, कृषि फार्म र कृषक |
| च) मौरी विकास कार्यकम | यस ठाँउमा सम्भाब्य देखिएका मौरीका जातहरु | नया फलफुलको उत्पादन परिक्षण | मुल कृषक समिति, कृषक समूह, कृषक |
| | | मौरीको घार खाली तथा गोला सहित बितरण | |
| | | मैारीपालक कृषकलाई चाहिने उपकरण वितरण र तालिममा अनुदान | |
| | | रोगकिरा ब्यवस्थापन | |

| | | | |
|---|---|---|---|
| | | चरन क्षेत्र बिकास | |
| | | मह उत्पादनमा सहयोग | |
| छ) च्याउ खेती कार्यक्रम | यस ठाउँमा उत्पादन गर्न सकिने तथा सम्भाब्य देखिएका च्याउहरु | कम्तीमा १ वटा प्लाष्टिक टनेल निर्माण गर्नुपर्ने<br>च्याउको कालो प्लाष्टिक टनेल र च्याउ घर निर्माण सहयोग | मुल कृषक समिति, कृषक समूह र कृषक |
| ज) संकलन् केन्द्र निर्माण तथा मर्मत | यस नगरपालिका भित्र सम्भाब्य क्षेत्रमा | तरकारी संकलन तथा वितरण बनाउने | मुल कृषक समिति, कृषक समूह र कृषक |

मुल कृषक समिति, कृषक समूह र कृषक सहकारी र फर्मले माथि उल्लेखित कुनै पनि कार्यक्रममा सहभागि हुन चाहेमा रु.१०। को टिकट टाँसेको निवेदन माथि यस गाउँपालिकाको समितिले छानविन पश्यात उपयुक्त ठानेमा मात्र कार्यक्रममा सहभागि गराउनेछ ।

**१३. कार्यक्रम संचालन सम्बन्धी नम्शहरु :**

कृषि पकेट कार्यक्रम संचालनका लागि तरकारीको वीउ, बिषादी र शुक्ष्मतत्व सत प्रतिशत अनुदान तथा कृषि सामाग्रीहरु वितरणका लागि ५० प्रतिशत अनुदानका कार्यक्रम संचालन गरिनेछ । अन्य कार्यक्रमहरु संचालनको हकमा कृषि प्रसार कार्यन्वयन निर्देशिका तथा नम्श अनुसार हुनेछ ।

## परिच्छेद –९

१४. स्थानिय कृषि स्रोत व्यक्ति उत्पादन, व्यवस्थापन र परिचालन प्रकिया

**१. स्रोत व्यक्ति छनोटका आधारहर :**

- स्रोत व्यक्ति कृषि व्यवसायमा संलग्न रहेको हुनु पर्नेछ ।
- स्रोत व्यक्ति लेखपढ गरेको हुनु पर्नेछ ।
- स्रोत व्यक्ति सम्वन्धित गाउँपालकिा वडाको नै हुनु पर्नेछ ।
- स्रोत व्यक्तिको उमेर कस्तीमा २० बर्ष भएको र ४० बर्ष ननागेको हुनु पर्दछ ।
- स्रोत व्यक्ति महिला भएमा विवाहित हुनु पर्नेछ ।
- स्रोत व्यक्ति समूहमा आवद्ध भएको व्यक्तिलाई प्राथमिकता हिईनेछ ।
- गरिव, दलित, जनजाती, द्धन्दपिडित बर्ग र क्षेत्रबाट प्रतिनिधित्व हुने व्यक्तिलाई प्राथमिकता दिइनेछ ।
- स्रोत व्यक्तिको घर जमिन गाउँपालिका भित्र हुनु पर्नेछ ।
- स्रोत व्यक्ति नेपाली नागरिक भएको प्रमाण हुनुपर्नेछ ।

**२. स्थानिय कृषि स्रोत व्यक्ति उत्पादन बिधि :**

ग्रामिण कृषि कार्यक्रम तालिम : गाउँपालिका भित्रका अगुवा कृषकलाई ग्रामिण कृषि कार्यकर्ता ( ३० दिन देखी ६० दिन सम्म) तालिम दिई कृषि स्रोतब्यक्ति उत्पादन गरिनेछ । गाउँपालिका भित्रका बासिन्दा जो कृषि प्रसारमा सेवा गर्न चाहने बासिन्दालाई स्थानिय कृषि स्रोत व्यक्ति बनाइनेछ । स्थानिय स्रोत व्यक्तिलाई निम्न बमोजिमको पहिचान कार्ड उपलब्ध गराईनेछ ।

**शिवनाथ गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**शिवनाथ, बैतडी**

**सुदुरपश्चिम प्रदेश, नेपाल**

स्थानिय कृषि स्रोत व्यक्ति पहिचान कार्ड

स्थानिय कृषि स्रोत व्यक्ति

नम : नागरिकता प्रमाण पत्र नं.

ठेगाना :

तलिम अवधि :

सम्पर्क नं.

शाखा प्रमुख कार्यालय प्रमुख

परिच्छेद –१०

**१५. क्षमता अभिबृद्धि कार्यक्रम :**

**१. कृषि स्रोत व्यक्ति क्षमता अभिबृद्धिमा निम्न बिषय बस्तु समावेश गरिनेछ ।**

| क्र.स. | बिषय क्षेत्र | बिषय बस्तु |
|---|---|---|
| १ | फलफूल | नर्सरी व्यवस्थापन, बगैचा व्यवस्थापन (मलजल, रोपाई, रेखाङकन, काटछाट, बोर्डोपेष्ट, बोर्डो मिक्सचर, स्प्रे, रोग कीरा नियन्त्रण) पोष्टहार्भेष्ट व्यवस्थापन, बजारीकरण |
| २ | तरकारी | नर्सरी व्यवस्थापन, तरकारी बाली बर्गीकरण, बेमौसमी तथा बेमौसमी तरकारी उत्पादन, रोग कीरा नियन्त्रण, पोष्टहार्भेष्ट व्यवस्थापन, बजारीकरण |
| ३ | बाली संरक्षण | एकीकृत शत्रूजिव व्यवस्थापन, जैविक रोग कीरा नियन्त्रण, प्लाण्ट क्वारेन्टीन, प्लाण्ट किल्नीक |
| ४ | माटोको उर्वराशक्ति व्यवस्थापन | गोठेमल र कम्पोष्टमल सुधार प्रविधि, औद्यौगिक जैविकमलको प्रयोग, हरियोमलको प्रयोग, माटो जाँच शिविर एवं परिक्षण, भु–संरक्षण, घुम्तीबाली, एकीकृत माटो व्यवस्थापन, माटोको उर्वराशक्ति नक्साङकन |
| ५ | प्राङ्गारीक कृषि | प्राङ्गारीक कृषिको महत्व र उत्पादन, प्राङ्गारीक उपज प्रमाणिकरण, जैविक बिबिधता संरक्षण, वातावरण संरक्षण, राष्ट्रिय अन्तराष्ट्रिय बजार प्रबर्द्धन |
| ६ | कृषि व्यवसायिकरण | पूर्वाधार विकास (सिचाई, संकलन केन्द्र कृषि सडक, ग्रामिण सडक, कृषक समूह, कृषि फर्म, सहकारीकरण |

| | | |
|---|---|---|
| ७ | कृषि उपज बजारीकरण | बजारको माग र आपुर्ति (स्थानिय कृषिबजार, राष्ट्रिय बजार, अन्तराष्ट्रिय बजार) कम तौल र बढी मुल्यका बालीहरु, कृषि उपज गुणस्तर नियन्त्रण |
| ८ | वित्तिय व्यवस्थापन | समुह बचत, लगानी वित्तिय संस्थाहरु अनुसन्धान, (कृषिविकास बैंक, वाणिज्य बैंक, निजि बैंकहरु ग्रामिण बैंक) वडा कार्यालय, गाउँपालिका, प्रदेश सरकार, संघिय सरकार |
| ९ | कृषि अनुसन्धान | अनुसन्धानको महत्व, समस्यामुलक अनुसन्धान, उन्नतजात र उत्पादन प्रविधि विकास, स्रोत बीउ उत्पादन व्यवस्थापन |
| १० | साना सिचाई | कुलो मर्मत ढिकीपम्प स्प्रिङ्कलर, थोपा सिचाई प्लाष्टिक पोखरी |
| ११ | स्रोत व्यक्ति | संस्थागत व्यवस्थापन र सुशासन, नेतृत्व विकास, सेवामुखी प्रविधि विस्तार व्यवसायिकरण, सरकारी तथा गैरसरकारी सेवा प्रदायकसंग समन्वय |

## परिच्छेद –११

**१६. कृषक समुह, कृषि फार्म, एग्रोभेट,को दर्ता विधि :** यस गाउँपालिकामा कृषक समुह, कृषि फार्म, एग्रोभेट दर्ता विधि देहायबमोजिम हुनेछ ।

**१) कृषक समुह दर्ता प्रकिया :**

- ❖ १५ देखि २५ जना सम्मको समुह गठन ।
- ❖ समुह दर्ताका सम्बन्धी बैठकको निर्णय दर्ता गराउने ।
- ❖ समुह दर्ताको लागि समुहवाट जिम्मेवारी किटान भएको व्यक्तिको नाम सम्बन्धि निर्यण र निजबाट समुहदर्ता गरिपाउँ भन्ने निवेदन ।
- ❖ प्रिन्टेड विधान २ प्रति
- ❖ बार्षिक कार्य योजना ।
- ❖ समुह सदस्यहरुको व्यक्तिगत विवरण ।
- ❖ समुह अध्यक्षको पासपोर्ट साईजको फोटो १ प्रति ।
- ❖ वडा कार्यालयको सिफारिस ।
- ❖ समूह दर्ता शुल्क वाफत रु.२००। र नविकरण वाफत रु.१००। रुपैयाको दस्तुरको विल
- ❖ समूह नविकरण २ / २ बर्षमा गर्नु पर्नेछ ।

**२) कृषि फार्म दर्ता :**

यस गाउँपालिका भित्रका विगत ५ बर्ष देखि कृषि पेशा गर्दै आएका अगुवा कृषकले आफ्नो फार्म गाउँपालिका दर्ता गर्न चाहेमा गाउँपालिका वाट फिल्ड अवलोकन गरी फार्म दर्ता गर्न उपयुक्त देखिएका शाखामा तोर्किएको शल्क बुझाई फार्म दर्ता गरीनेछ ।

**न्यूनतम मापदण्ड**

क) तरकारीको लागि २ वटा प्लाष्टिक टनेल भएको ।

ख) मौरीका लागि ५ वाट घार भएको ।

ग) च्याउको लागि २ वटा च्याउ घर भएको ।

घ) न्यूनतम ३ कठ्ठा जग्गामा खेती गरीएको ।

**३) कृषि व्यवसाय (एग्रोभेट) दर्ता :**

यस गाउँपालिका भित्रका वीउविजन बिक्रेता र बिषादी बिक्रेता तालिम लिई तालिमको परिक्षामा उतिर्ण भएका कृषक जो विगत ६ महिना देखी एग्रोभेट संचालन गरेको छन् । निजहरुले आफ्नो पसल यस गाउँपालिकामा दर्ता गर्न चाहेमा देहाएका कागजातहरु सहित निवेदन दिनु पर्नेछ । गाउँपालिकावाट बाजर अवलोकन गरी एग्रोभेट दर्ता गर्न उपयुक्त देखिएमा शाखामा तोकिएका शुल्क लिई एग्रोभेट दर्ता गरीनेछ ।

**क) एग्रोभेट दर्ता प्रकिया :**

- ❖ वीउविजन बिक्रेता प्रमाण पत्र ।
- ❖ बिषादी बिक्रेता प्रमाण पत्र ।
- ❖ एग्रोभेट संचालन गरीरहेको हुनु पर्ने ।
- ❖ पाना नम्वर प्रमाण पत्र ।
- ❖ संचालकको नागरीकता प्रतिलिपी ।
- ❖ संचालको फोटो २ प्रति ।
- ❖ वडा कार्यालयको सिफारीस ।

## परिच्छेद –१२

**१७. कृषक पाठशाला तथा बीउ उत्पादन कार्यकम संलाचन बिधि :** कृषक पाठशाला सञ्चालनका विभिन्न चरणहरु देहाए बमोजिम हुन्छ ।

१. कृषक पाठशाला पुर्व :

- ❖ तयारी बैठक कमश पहिलो, दोस्रो र तेस्रो संचालन गर्ने ।
- ❖ लैङ्गिक अवधारण तथा समाजिक समाबेशिता विश्लेषण ।
- ❖ सहभागिताको छनौट
- ❖ सहभागिताको आकांक्षा संकलन
- ❖ बालि पात्रो तयार
- ❖ सिकाईका लागि आवश्यक पर्ने आधारभुत कुराको तयारी ।
- ❖ गुस्तरीय कृषी उत्पादनका लागि राम्रो जातको छनौट ।

२. कृषि उत्पादन आधारभुत सिद्धान्तहरु तथा वाली अनुसारका बिशेष चरणहरु :

- ❖ अध्ययन परिक्षण
- ❖ उपसमुह विभाजन, कार्य तथा अभिभारा बाँडफाँड
- ❖ आर्थिक व्यवस्थापन

३.कृषक पाठशाला संचालन :

- ❖ जग्गाको तयारी, वीउ रोप्ने, बेर्ना सार्ने वाली व्यवस्थापन ।
- ❖ कृषि पर्यावर विश्लेषण तथा प्रस्तुती ।
- ❖ कृषि उत्पादनका लागि आवश्यक अग्रिम भर्नूपर्ने फारामहरु सम्बन्धित जानकारी
- ❖ प्रथम परिक्षा
- ❖ पाठशाला पाठयोजना
- ❖ पाठशाला दिन (पाठशालामा सहभागिहरुले राखेको अध्ययन परीक्षण प्लट र स्टलको निरीक्षण, सिकेको बिषयहरु नाटक, कविता, गीत, भाषणबाट आमन्त्रित अथितिहरुलाई अवगत गराएर कृषक मार्फत कार्यक्रमको कार्यन्वयनमा व्यापकता ल्याउन मनाउने दिवस सहभागीहरुलाई प्रमाण पत्र दिने)
- ❖ खेतमा देखिने परिवर्तनमा सम्बन्धीत जीव र निर्जिव बस्तुहरुको अन्तर सम्बन्ध, कृषि पर्यावरण शिश्लेषणमा आवश्यक तथ्याङ्क लिने तरिका, उपसमुहमा तयारी, समुहमा प्रस्तुति र निर्णय लिने
- ❖ कृषक दिवस मनाउने
- ❖ आगामी सिजनको लागि भावी योजना तयार तथा तयारी बैठक

४. कृषक पाठशाला सञ्चालन पश्यात :

- ❖ कृषक र कृषि व्यवसायी उद्यमी सम्बन्ध,
- ❖ कृषि उपजको बजारीकरण,
- ❖ उत्पादन सामाग्री सहयोग कार्यकम,
- ❖ सहभागीतामुलक योजना तर्जुमा आदी

५. बीज बृद्धि कार्यकम सञ्चालन विधि :

क) बीउ उत्पादन प्रकृया :

- ❖ कृषक तालिम,
- ❖ श्रोत वीउ व्यवस्थापन,
- ❖ खेतबाली व्यवस्थापन
- ❖ खडा बालीनिरिक्षण
- ❖ बाली कटानी तथा थ्रेसिङ्ग
- ❖ प्रारम्भिक प्रशोधन र भण्डारण
- ❖ बीउ परिक्षण तथा संकलन

## परिच्छेद १३

**१८. कृषि बिमा, बिपत व्यवस्थापन, उकृष्ट पुरुस्कार सञ्चालन बिधि :**

**१. कषि तथा पशुपंन्छी बिमा कार्यकम :**

यस गाउँपालिका भित्रका कृषकहरुलाई कृषि तथा पशुपंन्छी बिमाको बारेमा जानकारी गराई तिनिहरुलाई कृषि तथा पशुधन सुरक्षणका लागि प्रोत्साहित गरिनेछ । यसरी कृषि तथा पशुपन्छी बिमामा लाग्ने शुल्क मध्ये संघिय सरकारबाट ८० प्रतिशत अुनदान भएकोमा यस गाउँपालिकाबाट बाँकी २० प्रतिशत रकम व्यहोरी कृषि तथा पशुपन्छी बिमा निशुल्क गरि नगर भित्रका कृषकहरुलाई कृषि कार्यको लागि प्रोत्साहन गरिनेछ ।

**अनुदान प्राप्त गर्न आवश्यक कागजात**

- निवेदन
- बिमा पोलिसी नं.
- सम्बन्धित वडा कार्यालयको सिफारिस

**२. बिपत व्यवस्थापन कार्यकम :**

- यस गाउँपालिका भित्र कुनै बिपत जस्तै बाढी, हुरी, -असिना, आगलागी आदीले कृषि तथा पशुपन्छीमा क्षती पुऱ्याएको खण्डमा फिल्ड अवलोकन बाट किसानले लगाएका बाली तथा पशुपन्छीको क्षतीको प्रकार र अवस्थाको तथ्याङ्क संकलन पश्यात मूल्याङ्कन समितिको अनुगमन र मूल्याङ्कनको निर्णयको आधारमा राहत बितरण गरिनेछ ।

**३. उत्कृष्ट कृषक पुरस्कार :**

- यस गाउँपालिका भित्र विगत ५ बर्ष अगि देखि कृषि तथा पशुपन्छी पालन कर्ममा संलग्न कृषकहरुलाई सम्बन्धीत शाखाको निर्दिष्ट फर्मेट अनुसार निवेदन माग गरी तिनिहरु मध्येवाट उत्कृष्ट ठहर भएका कृषकहरुलाई पुरस्कार वापत सम्मान तथा प्रोत्साहन गरिनेछ ।
- सर्वोत्कृष्ट कृषक पुरस्कार रु. २००००। (दुई जना लाई कृषि तथा पशु)
- उत्कृष्ट कृषक पुरस्कार रु. १००००। (चार जना लाई कृषि तथा पशु)

**४. भकारो सुधार कार्यकम :**

यस गाउँपालिका भित्र रहेका कृषि उत्पादन तथा पशुपालन गर्ने कृषकहरुलाई निजको भकारो, गोठ, खोर सुधारको लागि स्वीकृत कार्यक्रम अनुसार सम्बन्धीत शाखाको स्थलगत प्रतिवेदनका आधारमा नगद अनुदान उपलब्ध गराईनेछ । जसमा निम्नानुसारको कागजात पेश गर्नु पर्नेछ ।

- व्यावसायिक फार्म दर्ता गरी कृषि तथा पशुपालन गरेको ।
- न्यूनतम १ रोपनी जग्गामा मौसमी वा बेमौसमी तरकारी खेती गरेको ।
  - **भकारोमा सुधार हुनु पर्ने पक्षहरु :**
    - भूई पक्कि वा ईट्टा ढुङ्गा विच्छाई प्लष्टर गरिएको ।
    - गोठबाट मूत्र वग्ने नाली निर्माण भएको हुनुपर्ने ।
    - मललाई छापो लगाएको हुनुपर्ने । (प्लाष्टिक वा अन्य सामाग्रीले)

**अनुदान प्राप्त गर्न आवश्यक कागजात :**

- ❖ निवेदन र फोटो
- ❖ व्यावसायिक प्रमाणपत्र ।
- ❖ सम्बन्धीत वडा कार्यालयको सिफारिस ।
- ❖ फिल्ड प्रतिवेदन
- ❖ भकारो खर्चमा भएको खर्चको विल भरपाईहरु ।

## परिच्छेद –१४

**१९. बिबिध :**

- ❖ कृषि र पशु एक आपसमा पारस्परिक एवमं सम्बन्धित हुने हुदाँ पशु विकास कार्यक्रमको कार्यविधि अनुसार कुनै पनि कार्यक्रम गाउँपालिकाले आवश्यकता र सम्भाव्यताका आधारमा सहकार्य गर्दै लैजान सक्नेछ ।
- ❖ गाउँपालिकाले आवश्यकता र सम्भाव्यता ठानेमा कृषि कार्यक्रमहरु गाउँपालिकाको अन्य शाखाको कार्यविधि, ऐन, नियमावली र कार्यक्रमको नीती, नियम र मार्गदर्शन भित्र रहेर कृषिको कार्यक्रम संचालन गर्न सक्नेछ ।
- ❖ गाउँपालिकाले प्रदेश सरकार, संघीय सरकार, अन्य सरकारी एवमं गैर सरकारी संघ सस्थासंग सहकार्य गरि कुनैपनि कृषिका कार्यक्रमहरु सम्बन्धित कार्यक्रमको नीती, नियम र मार्गदर्शन भित्र रहेर कृषिको कार्यक्रम संचालन गर्न सक्नेछ ।
- ❖ गाउँपालिका स्तरीय र स्थगलगत विभिन्न कृषि तालिमहरु अर्थ मन्त्रालयको नम्स अनुसार संचालन गरिनेछ ।
- ❖ यो कार्यविधि प्रदेश तथा संघीय कानुनसंग बाझिएमा सो हदसम्म स्वतह: आमान्य हुनेछ ।
- ❖ यो कार्यविधिद्धारा कुनै बिषयबस्तु कार्यान्वयन गर्न बाधा अवरोध परेमा शिवनाथ गाउँपालिकाको कार्यपालिकाबाट निर्णय गराई कार्यान्वयन गर्न सक्नेछ ।

शिवनाथ गाउँपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) सम्बन्धमा व्यवस्थ गर्न बनेको नियम, २०७४ को नियम ४ बमोजिम प्रमाणित गर्दछु ।

आज्ञाले
नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत